| १० | सहायक.प्रा.ढाकाराम तिम्सिना | बित्तशास्त्र विभाग सदस्य |

**संकाय बैठक तथा निर्णयहरु**

व्यवस्थापन संकाय तर्फ शैक्षिकसत्र २०७८–२०७९मा सम्पन्न बैठक र बैठकका मुख्य निर्णयहरु निम्न छन्।

| क.स | मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| १ | २०७९/०२/१८ | बार्षिक तालिका निर्माण र कार्यान्वयन सम्बन्धमा |
| २ | २०७९/०३/ ३ | गुणस्तर सुधार गर्ने सम्बन्धमा |
| ३ | २०७९/०३/२८ | आन्तरिक परिक्षाको नतिजा विश्लेषण सम्बन्धमा |

**संकाय गतिविधिहरु**

- शैक्षिकसत्र २०७८–२०७९ को लागि प्राध्यापकहरुको बिचमा बिषय बाडँफाड गरी बार्षिक तालिका निर्माण र कार्यान्वयन गर्ने कार्य सम्पन्न गरियो।
- गुणस्तरलाई सुधार गर्नको लागि बार्षिक तथा दैनिक पाठयोजनाको आधारमा शिक्षण,विषयगत यूनिट टेस्ट संचालन तथा पृष्ठपोषण, र अधिक चाप भएका कक्षाहरुमा कक्षा विभाजन गर्ने कार्य गरियो।
- आन्तरिक तथा परिक्षाको विषयगत नतिजा विश्लेषणगरि आन्तरिक परिक्षालाई अझ व्यवस्थित मर्यादित र अनिवार्य बनाउने निर्णय गरियो।

**निष्कर्ष**

क्याम्पसमा व्यवस्थापन संकाय सयोजक गठन भएपछि पठन पाठनको क्षेत्रमा सुधारात्मक लक्षण देखिएका छन्। प्रत्येक विषयको अध्ययन,अध्यापनमा संकाय संयोजकको गतिविधिबाट सकारात्मक प्रभाव पारेपनि थुप्रै गर्नुपर्ने कुराहरु अझै बाकि रहेका छन्। विशषगरि विद्यार्थीको नियमित उपस्थिती, मूल्याङ्कनको लागि संचालित एकाई परिक्षा तथा आन्तरीक परिक्षालाइ अझै बढि व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने देखिन्छ। अगामी दिनमा यस्ता क्रियाकलापहरुलाई अझ प्रभावकारी बनाउनको लागि संकायका सम्पूर्ण विभागहरु तथा प्राध्यापकहरु क्रियाशिल हुनु जरुरी छ।

# शिक्षाशास्त्र संकायको वार्षिक प्रतिवेदन



## संयोजक-शिक्षाशास्त्र संकाय: पूर्ण प्रसाद तिमिल्सिना

लुम्बीनी प्रदेशको प्रवेश द्धारको रुपमा रहेको तथा दाउन्ने देवीको प्रवित्र काखमा पुर्व पश्चिमको राजमार्गको मध्य भागमा अवस्थित बर्दघाट नगरपालिकाको वडा नं २ चिसापानिमा अवस्थित दिव्य ज्योति क्याम्पस २०४७ साल मंसिर १६ मा स्थापित भएको जनस्तरबाट सञ्चालित गैह्र नाफामुखि सामुदायिक क्याम्पस हो । यस क्षेत्रका सामाजिक अगुवाहरुले शिक्षाको माग पुरा गर्ने महत्वपूर्ण शिक्षालयको रुपमा स्थापना गरेका यस क्याम्पसले नियमितता लगनशिलता र शिष्टता सहितको गुणस्तरिय शिक्षा प्रधान गर्ने सस्थाको रुपमा अघि बढेको छ। वि.स २०४७ सालमा स्थानिय शिक्षा प्रमि समाजसे वि बुद्धी जिवि राजनितीक नेतृत्व एवम चन्दा दात्ता मावभावहरुको सहयोग र व्यापक जनसहभागिताबाट स्थापित यस सामुदायिक क्याम्पसमा शिक्षा शास्त्र संकाय, मानविकी संकाय र व्यवस्थापन संकायमा स्नातक र स्नात्तकोत्तर तहसम्म कक्षा सञ्चालन हुन्छ । यो क्याम्पसले नवलपरासी जिल्लाको तराई क्षेत्रका तमाम ग्रामीण क्षेत्रका सर्वसाधरणहरुलाई आफ्नै घर आगनमा गुणस्तरीय शिक्षा प्रदान गरि रहेको छ। २०७२ सालमा नै रजत जयन्ती मनाएको यस क्याम्पसले २०७५ मा गुणस्तरीय सुनिश्चिता प्रत्यायन प्राप्त गरेको छ। २०६१ साल देखि शिक्षा शास्त्र संकायको बिएड तह सञ्चालन गरेको यस क्याम्पसमा हाल विएडतहमा नेपाली, अंग्रजी, स्वास्थ्य, जनसख्या र गणित तथा एमएडतहमा नेपाली र एपिएम विषयमा सम्बन्धन लिइ कक्षा सञ्चालनमा छ। यस क्याम्पसमा शिक्षा शास्त्र संकायलाई गुणस्तरीय र प्रतिस्पर्धि मुलक बनाउन यस क्याम्पसका तपसिलमा उल्लेखित प्रध्यापकहरु कटिबद्धहुनुहुन्छ।

**शिक्षा शास्त्र संकायमा शिक्षण गर्नुहुने प्रध्यापकहरुको नामावली र शिक्षण विषय**

| क्रस | शिक्षकको नाम | पद | शिक्षण विषय | कैफियत |
|---|---|---|---|---|
| | दिपक बहादुर खड्का | सहायक क्यापस प्रमुख | शारीरिक शिक्षा | |
| | पूर्ण प्रसाद तिमिल्सीना | संकाय प्रमुख | जनसख्या शिक्षा | |
| | कृष्णबन्धु पौडेल | संकायीय प्रमुख, नेपाली | नेपाली शिक्षा | |
| | शितल अधिकारी | संकायीय प्रमुख, शिक्षा, स्वास्थ्य र जनसख्या | शिक्षा | |
| | सरिता खनाल | उपप्रध्यापक | नेपाली | |
| | शेषकान्त पौडेल | उपप्रध्यापक | नेपाली | |
| | रामचन्द्र पौडेल | सहायक प्रध्यापक | अग्रेजी | |
| | शेषकान्त पौड्याल | सहायक प्रध्यापक | स्वास्थ्य | |
| | कृष्ण प्रसाद अधिकारी | सहायक प्रध्यापक | अंग्रेजी शिक्षा | |

| | | | | |
|---|---|---|---|---|
| | रमेश लम्साल | सहायक प्रध्यापक | अग्रेजी | |
| | कमल प्रसाद पाण्डे | सहायक प्रध्यापक | नेपाली | |
| | अनिल चन्द्र अधिकारी | सहायक प्रध्यापक | अंग्रेजी | |
| | रमेश कुमार शर्मा | सहायक प्रध्यापक | स्वास्थ्य | |
| | रमा आले | सहायक प्रध्यापक | स्वास्थ्य | |
| | पूर्णकला पाण्डे | सहायक प्रध्यापक | अंग्रेजी | |

१. **संकायद्वारा संचालित मूख्य कार्यक्रमहरु**

- दैनिक पाठ योजनाको आधारमा शिक्षण।
- वार्षिक परीक्षा ०७८/०७९ को नतिजा विश्लेषण।
- विषयगत एकाई परीक्षा सञ्चालन तथा पृष्ठपोषण।
- आन्तरिक परिक्षा संकायको पूर्ण निर्देशनमा संचालन।
- अभ्यास शिक्षणका लागि अभिमूखीकरण कार्यक्रम।
- स्नातकोत्तरतह शैक्षिक योजना तथा व्यवस्थापन विषयको प्रक्टिकम कार्यक्रम सञ्चालन।

२. **संकायले सामना गर्न परेका चुनौतीहरु**

संकायको गठन पश्चात शैक्षिक विकास तथा गुणस्तरीय शिक्षाका निम्ति विभिन्न कदमहरु चालेता पनि विभिन्न किसिमका चूनौतीहरुको पनि सामना गर्न परेको छ जुन निम्न छन।

- शिक्षा, स्वास्थ्य र शारिरीक विषयहरुमा विद्यार्थीहरुको आकर्षण बढ्न नसक्दा विगतको तुलनामा विद्यार्थीको संख्या घट्नु।
- अध्ययनरत धेरै विद्यार्थीहरु जागिरे भएको कारणले पछिल्ला पिरियडमा विद्यार्थीको संख्या अत्यन्त न्यून रहनु।
- संकाय अन्तरगत सबै विद्यार्थीहरुको रेकर्ड अद्यावधिक गराउन नसकिनु।
- विचमा कक्षा छाड्ने प्रवृत्तिलाई रोक्न नसकिनु।
- विद्यार्थीहरुमा आफै खोज गरेर पढ्ने बानीको विकास गराउन नसकिनु।

३. **संकायका भावी कार्यक्रमहरु**

**विभिन्न काम कर्तव्य र अधिकारका साथ गठन भएको यस संकायका भावी कार्यक्रमहरु निम्न रहेका छन्।**

- आन्तरिक परीक्षामा विद्यार्थीहरुलाई अधिकतम सहभागी बनाउन प्रोत्साहित गर्ने।
- कोर्ष सकिए पश्चात सम्बन्धित विषयमा परीक्षा केन्द्रित कक्षाहरु सञ्चालन गर्ने।
- शिक्षक तथा विद्यार्थीहरुका लागि प्रस्तावना तथा सोधपत्र लेखन अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- विषयगत सन्दर्भ पुस्तकहरुको व्यवस्था गर्ने।
- संकाय अन्तरगतका विभिन्न सह–पाठ्यान्तर तथा अतिरिक्त क्रियाकलापहरुलाई नियमित गर्ने।

**४. सुझावहरु**

- शिक्षा, स्वास्थ्य तथा शारिरीक शिक्षा र गणित संकाय तथा क्याम्पसमा देखा परेका समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्दै ।

सकारात्मक पद्धतिको विकास गराउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ।

- आन्तरिक परीक्षालाई व्यवस्थित गर्दै समयमै नतिजा प्रकाशन गर्ने,
- क्याम्पसमा अतिरिक्त क्रियाकलापहरु गर्ने तथा ति क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई तत्कालै पुरस्कारको व्यवस्था गर्ने,
- आधुनिक शिक्षण पद्धति अनुसारका शिक्षण सामाग्रीहरुको व्यवस्था गरी प्रयोगको दरलाई बृद्धि गरिनु पर्ने,
- विद्यार्थीहरुको कक्षा वीचमै छाड्ने र अनियमित कक्षा उपस्थितिलाई रोक्न आवश्यक कदम चाल्नुपर्ने ।

**५. निष्कर्ष**

क्याम्पसमा विषयगत संकाय गठन गरी जिम्मेवारी बाँडफाँड गरेर हरेक संकायीय सदस्यलाई आफ्नो पेशाप्रति उत्तर दायी बनाउन राम्रो कुरा हो। संकायीय क्रियाशीलताबारे शिक्षणमा सकारात्मक प्रभाव परेपनि गर्नुपर्ने धेरै कुराहरु बाँकी छन् । विशेष गरी विद्यार्थीको नियमित उपस्थिति र निर्माणत्मक परीक्षाको प्रभावकारितामा उपलब्धिपूर्ण गर्न सकेमा संकायीय भूमिका प्रभावकारी हुने देखिन्छ।

# शिक्षा,स्वास्थ्य र शारिरीक जनसंख्या विभाग



विभागिय प्रमुख- शिक्षा, स्वास्थ्य र जनसख्या : शितल अधिकारी

वि.स. २०४७ मा स्थापना भएको यो क्याम्पस यस क्षेत्र कै एक अग्रणी क्याम्पसको रुपमा रहेको छ। विश्वविधालय अनुदान आयोगबाट त्तब्ब प्राप्त यस क्याम्पसमा स्नातक तर्फ मानविकि,शिक्षा तथा व्यवस्थापन संकाय र स्नाकोत्तर तर्फ शिक्षा तथा व्यस्थिापन संकायमा विभिन्न विषयहरु अध्यापन गराइन्छ।

## १. शिक्षा,स्वास्थ्य तथा जनसंख्या विभागको परिचय

यस क्याम्पसले विभिन्न सङ्काय अन्तरगत विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरेको छ। शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउनका निम्ति विभिन्न विभागहरुको पनि व्यवस्था गरेको छ। जस अन्तरगत शिक्षा, स्वास्थ्य र शारीरिक तथा जनसंख्या शिक्षा विभाग पनि एक हो। यस विभागको गठन पश्चात नै विभिन्न शैक्षिक क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ जस अन्तरगत नतिजा विश्लेषण, एकाई परीक्षा सञ्चालन, पृष्ठपोषण आदि रहेका जानकारीहरु समावेश गरिएको छ।

## २. विभागको संरचना

| क्र.स | नाम | योग्यता | अध्यापन गर्ने विषय | पद |
|---|---|---|---|---|
| १ | शीतल अधिकारी | MED,EPM | शिक्षा | विभागिय प्रमुख |
| २ | दिपकबहादुर खड्का | MED,PE | शारीरीक शिक्षा | सदस्य |
| ३ | पूर्ण प्रसाद तिमिल्सिना | MED,POPULATION | जनसंख्या शिक्षा | सदस्य |
| ४ | शेषकान्त पौड्याल | MED,HEALTH | स्वास्थ्य शिक्षा | सदस्य |
| ५ | रमेश कुमार शर्मा | MED,HEALTH | स्वास्थ्य शिक्षा | सदस्य |
| ६ | रमा आले | MED,HEALTH | स्वास्थ्य शिक्षा | सदस्य |

## ३. विभागद्वारा संचालित मूख्य कार्यक्रमहरु

- दैनिक पाठ योजनाको आधारमा शिक्षण।
- वार्षिक परीक्षा ०७६/०७७ को नतिजा विश्लेषण।
- विषयगत एकाई परीक्षा सञ्चालन तथा पृष्ठपोषण।
- अभ्यास शिक्षणका लागि अभिमूखीकरण कार्यक्रम।
- स्नातकोत्तरतह शैक्षिक योजना तथा व्यवस्थापन विषयको प्रक्टिकम कार्यक्रम सञ्चालन।

**४. विभागले सामना गर्न परेका चुनौतीहरु**

विभागको गठन पश्चात शैक्षिक विकास तथा गुणस्तरीय शिक्षाका निम्ति विभिन्न कदमहरु चालेता पनि विभिन्न किसिमका चूनौतीहरुको पनि सामना गर्न परेको छ जुन निम्न छन।

- शिक्षा, स्वास्थ्य र शारिरीक विषयहरुमा विद्यार्थीहरुको आकर्षण बढ्न नसक्दा विगतको तुलनामा विद्यार्थीको संख्या घट्नु।
- अध्ययनरत धेरै विद्यार्थीहरु जागिरे भएको कारणले पछिल्ला पिरियडमा विद्यार्थीको संख्या अत्यन्त न्यून रहनु।
- विभाग अन्तरगत सबै विद्यार्थीहरुको रेकर्ड अद्यावधिक गराउन नसकिनु।
- विचमा कक्षा छाड्ने प्रवृत्तिलाई रोक्न नसकिनु।
- विद्यार्थीहरुमा आफै खोज गरेर पढ्ने बानीको विकास गराउन नसकिनु।

**५. विभागका भावी कार्यक्रमहरु**

**विभिन्न काम कर्तव्य र अधिकारका साथ गठन भएको यस विभागका भावी कार्यक्रमहरु निम्न रहेका छन्।**

- आन्तरिक परीक्षामा विद्यार्थीहरुलाई अधिकतम सहभागी बनाउन प्रोत्साहित गर्ने।
- कोर्ष सकिए पश्चात सम्बन्धित विषयमा परीक्षा केन्द्रित कक्षाहरु सञ्चालन गर्ने।
- शिक्षक तथा विद्यार्थीहरुका लागि प्रस्तावना तथा सोधपत्र लेखन अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- विषयगत सन्दर्भ पुस्तकहरुको व्यवस्था गर्ने।
- विभाग अन्तरगतका विभिन्न सह–पाठ्यान्तर तथा अतिरिक्त क्रियाकलापहरुलाई नियमित गर्ने।

**६. सुझावहरु**

- शिक्षा, स्वास्थ्य तथा शारिरीक शिक्षा र गणित विभाग तथा क्याम्पसमा देखा परेका समस्या तथा चुनौतीहरुलाई न्यूनिकरण गर्दै।

सकारात्मक पद्धतिको विकास गराउनका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ।

- आन्तरिक परीक्षालाई व्यवस्थित गर्दै समयमै नतिजा प्रकाशन गर्ने,
- क्याम्पसमा अतिरिक्त क्रियाकलापहरु गर्ने तथा ति क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरुलाई तत्कालै पुरस्कारको व्यवस्था गर्ने,
- आधुनिक शिक्षण पद्धति अनुसारका शिक्षण सामाग्रीहरुको व्यवस्था गरी प्रयोगको दरलाई बृद्धि गरिनु पर्ने,
- विद्यार्थीहरुको कक्षा वीचमै छाड्ने र अनियमित कक्षा उपस्थितिलाई रोक्न आवश्यक कदम चाल्नुपर्ने।

**७. निष्कर्ष**

क्याम्पसमा विषयगत विभाग गठन गरी जिम्मेवारी बाँडफाँड गरेर हरेक विभागीय सदस्यलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउने राम्रो कुरा हो। विभागीय क्रियाशीलताबारे शिक्षणमा सकारात्मक प्रभाव परेपनि गर्नुपर्ने धेरै कुराहरु बाँकी छन्। विशेष गरी विद्यार्थीको नियमित उपस्थिति र निर्माणत्मक परीक्षाको प्रभावकारितामा उपलब्धिपूर्ण गर्न सकेमा विभागीय भूमिका प्रभावकारी हुने देखिन्छ।

# DEPARTMENT OF ENGLISH ANNUAL REPORT



English-Head of Department: Bishnu Bahadur Thapa

Dibya Jyoti Multiple Campus, one of the leading public campus in Bardaghat Susta West, Nawalparasi was established in the quest of educational identity of the local people with the holistic vision to ensure the educational status of the rural as well as urban people in 2047 B.S. After continual endeavor Campus has been successful to get QAA from UGC, Nepal. Now, the campus is on the path of Reaccreditation from UGC, Nepal. Among different departments English Department has been working for academic excellence in the campus. The department is continually committed to fulfill the programme, mission and aim of the campus and devoted for the academic progress of the students through different educational planning. The regular meeting of the Department of English makes plan to improve the educational status. The department has given progressive suggestion to the campus administration to promote the educational status and for overall improvement and development of the campus. The Department of English is fully committed to provide the education of literature, grammar, linguistics and business communication English according to the syllabus of Tribhuvan University. The quality of teaching and learning has been improving due to the frequent sharing of the teaching experience of the faculty members of the Department of English. Department of English, Dibya Jyoti Campus, has been conducting different activities to improve the educational results of English.

**Activities carried out by the Department:**

1. Unit Test and regular tests of the campus have become regular.
2. Regular department meetings are conducted to analyze the teaching learning activity.
3. Coordination with the head of Department of other departments.
4. Result analysis and feedback to the students.
5. Interaction among campus administration and faculty members for the overall academic improvement of campus.

Members of the Department of English Academic year 2078/2079

| | | | |
|---|---|---|---|
| 1. | Bishnu Bahadur Thapa | Asst. Lecturer | Head of Department |
| 2. | Ram Chandra Poudel | Asst. Lecturer | Member |
| 3. | Krishna Prasad Adhikari | Asst. Lecturer | Member |
| 4. | Ramesh Lamsal | Asst. Lecturer | Member |
| 5. | Anil Chandra Adhikari | Asst. Lecturer | Member |
| 6. | Purnakala Pandey | Asst. Lecturer | Member |

The meetings held in Department of English in the academic year 2078/2079 and their resolutions.

| SN | Date of meetings | Major resolution |
|---|---|---|
| 1 | 2021/12/15 | Congratulations for the Reappointment of HOD |
| 2 | 2022/02/11 | Result Analysis of BA III yrs. 2077BS |
| 3 | 2022/4/13 | Result Analysis of BEd III yrs. 2077BS |
| 4 | 2022/6/14 | Result Analysis of BEd IIyrs. 2077BS |

### Dedication of Department of English

1. Motivated, well experienced, energetic, dedicated and friendly faculty members.
2. Cooperation among the faculty members.
3. Friendly behavior with students.
4. Good cooperation and coordination with the members of other Departments.
5. Mutual cooperation of the faculty members to solve the problems.
6. Active participation of faculty members for every decision.

### Challenges faced by the Department of English

1. Irregularity in the presence of students.
2. No text books with the students.
3. Less presence of the students in the first period.
4. Inability to control early out rate of students.

### Suggestion to the Campus

1. Focus on the management of library along with e-library.
2. Transportation facility has been improved for the students who come from far away areas.
3. Training for the teachers for better teaching performance.
4. Regular supervision and inspection of the activities of the staff.
5. Inspection of the students who stay out during the class time.
6. Preparation of the new policy with the coordination of the campus Management Committee for the educational development.

### Future plan of the Department

1. Continual Interaction with other faculty members, students and educated persons.

2. Get progressive educational suggestion from guardians.
3. Keep the record of the result of students up to date.
4. Conduction of trainings and seminars to improve English teaching skill.
5. Management of the library in the respective department.

## Conclusion

From the time of establishment Dibya Jyoti Multiple Campus has been enriching the rational aspect of the people of this area as a leading public campus of this area; it has provided the educational facilities of Bachelor Diploma Level in Humanities, Management and Education faculties and of Master Level in Management and Education faculties. The campus is fully dedicated to provide quality education. Campus Administration has given continuity in the function of department of different subjects. Among them, the role of Department of English is crucial as well as challenging in teaching English Language and Literature for the better result of the students in the campus. So, all the members of Department of English are wholly committed for the academic excellence and overall development of the campus.

# वित्तशास्त्र विभागको वार्षिक प्रतिवेदन



विभागीय प्रमुख- वित्तशास्त्र: गणेशप्रसाद शर्मा

यस दिव्यज्योती बहुमुखी क्याम्पसले आफ्नो स्थापना आईरहेको छ। यस क्याम्पसले आफ्नो स्थापना काल देखि नै शिक्षामा उल्लेख्य भुमिका खेल्दै आईरहेको छ। यस क्याम्पसले आफ्ना पहुच क्षेत्रमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आईरहेको कुरा यस क्याम्पसका विद्यार्थीहरुले प्राप्त गरेको रोजगारीबाट प्रमाणित हुन आउछ। यस क्याम्पसबाट हाल प्रदान भइरहेका गुणस्तरीय शिक्षा अन्तरगत विभिन्न संकाय जसतै व्यवस्थापन तर्फ स्नाकोत्तर तथा वि.वि.ए का कक्षा संचालन भैरहेको छन्।

यस क्याम्पसको मुख्य उद्देश्य सर्वसुलभ शुल्कमा विश्व स्तरीय शिक्षा प्रदान गर्नु हो। यसै अनुरुप स्थानिय स्तरमा सर्वशुलभ शुल्कमा विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्न सफल भएका छन। यस विभागले विभाग स्थापनाको अवधि संगै विभिन्न शैक्षिक अन्तरगत नतिजा विश्लेषण एकाई परिक्षा संचालन, यस विभागको क्षेत्राधीकार अनुसार विषयहरु क्रोर्स पुरा भै सकेपछि पनि परिक्षामुखी कक्षाहरु वर्तमान वित्तशास्त्र विभागमा कार्यरत प्राध्यापकहरु

| क्र.स | नाम, थर | पद |
|---|---|---|
| १ | सहायक.प्रा.गणेश प्रसाद शर्मा | विभागीय प्रमुख |
| २ | उप.प्रा.तारानाथ खरेल | सदस्य |
| ३ | सहायक.प्रा.बोमलाल पाण्ड | सदस्य |
| ४ | सहायक.प्रा.टंक प्रसाद सुवेदी | सदस्य |
| ५ | सहायक.प्रा.ढाकाराम तिम्सिना | सदस्य |

**विभागीय बैठक तथा निर्णयहरु**

| क्र.स | मिति | मुख्य निर्णयहरु |
|---|---|---|
| १ | २०७८/१०/१३ | गुणस्तर सुधार सम्बन्धमा |
| २ | २०७८/१२/९ | विषय बाडफाड सम्बन्धमा |
| ३ | २०७९/०३/१३ | वार्षिक कार्यतालिका निर्माण सम्बन्धमा |

**विषयगत नतिजाको अवस्था**

विभिन्न तह तथा कक्षाको यस विषयको नतिजा संतोषजनक नरहेपनि तुलनात्मक रुपमा अन्य विषयको भन्दा केही राम्रो रहेको छ। तर समग्र विषयको भन्दा केही राम्रो रहेको छ। तर समग्र विषयको नतिजाले अन्तिम परिणम दिने हुनाले समग्र नतिजामा सुधार्नु पर्ने देखिन्छ।

**विभागबाट संचालित क्रियाकलापहरु**

१. वार्षिक तालिकाको निर्माण
२. एकाई परिक्षा संचालन
३. आन्तरिक र एकाई परिक्षाको नतिजा विश्लेषण
४. समग्र नतिजा सुधारका लागी छुट्टै परिक्षा मुखी कक्षाको संचालन।
५. दैनिक पाठ्य योजनाको निर्माण र कार्यान्वयन।
६. प्रथम पिरिएडमा नियमित विद्यार्थीको हाजिरीको व्यवस्था
७. आन्तरीक परीक्षालाई मर्यादीत र व्यवस्थीत बनाउन पहल गरेको।

**विभागले महसुस गरेका समस्याहरु**

१. विद्यार्थीको पढाई छोडने दर कम हुनु।
२. विद्यार्थी नियमित उपस्थीत हुन नसक्नु।
३. सम्पूर्ण विद्यार्थी आन्तरीक परिक्षामा सहभागी हुन नसक्नु र विद्यार्थीहरु कम संवेदनशील हुनु ,
४. विद्यार्थीमा पढ्ने वानी कम हुनु।
५. विद्यार्थी भर्नाको अवधि लामो हुनु।

**सुझावहरु**

माथीका समस्या न्यूनिकरणका लागी निम्न सुझावहरु प्रस्तुत गरिएको छ।

१. आन्तरिक परिक्षा मर्यादीत र समग्र नतिजा सुधारको लागि अभिभावक सम्म =सुचना पुऱ्याई अभिभावकलाई पनि छोरा छोरीको अध्ययन प्रति संवेदनशील बनाउनु पर्ने।
२. एकाई परिक्षा नियमित गर्नु पर्ने।
३. भर्नाको आधारहरु तयार गरि विद्यार्थी भर्ना लिनु पर्ने।
४. आधुनिक सिकाईका पद्वतिलाई अवलम्बन गर्नुपर्ने।

**निष्कर्ष–** विभागको स्थापना पश्चात समग्र नतिजा सुधारिएको महसुस भएको भएतापनि अझ सुधारको लागी त्रिपक्षिय जस्तै विद्यार्थी,प्राध्यापक र अभिभावकको सहयोग तथा समन्वयको अझ वढी आवश्यक्ता महसुस गरिएको छ। समयमा नै कोर्स सम्पन्न गरि अतिरिक्त कक्षाको यथेष्ट मागमा संचाल्नको नरुरी देखिएको छ। त्यसै गरि विद्यार्थीको प्रगतिको विवरण प्रत्यक्ष रुपमा अभिभावक सम्म पुऱ्याउन आवस्यक पहलको आचो पनि महसुस यस विभागले गरेको छ।

# प्राध्यापक संघको वार्षिक प्रतिवेदन



सभापति -प्राध्यापक संघ: पूर्ण प्रसाद तिमिल्सिना
*दिव्यज्योति बहुमुखी क्याम्पस, ईकाई समिति*

लुम्बिनी प्रदेशको प्रवेशद्वारको रुपमा रहेको तथा दाउन्ने देवीको प्रवित्र काखमा पुर्व पश्चिमको राजमार्गको मध्य भागमा अवस्थित बर्दघाट नगरपालिकाको वडा नं २ चिसापानिमा अवस्थित दिव्य ज्योति क्याम्पस २०४७ साल मंसिर १६ मा स्थापित भएको जनस्तरबाट सञ्चालित गैह्र नाफामुखि सामुदायिक क्याम्पस हो । यस क्षेत्रका सामाजिक अगुवाहरुले शिक्षाको माग पुरा गर्ने महत्वपूर्ण शिक्षालयको रुपमा स्थापना गरेका यस क्याम्पसले नियमितता लगनशिलता र शिष्टता सहितको गुणस्तरिय शिक्षा प्रधान गर्ने सस्थाको अघि बढेको छ। यस क्याम्पसमा कार्यरत सम्पूर्ण प्रध्यापकहरुको साझा संगठनको रुपमा दिव्य ज्योति बहुमुखी क्याम्पसको प्रध्यापक संघ इकाई समिती रहेको छ। प्रध्यापकहरुको हकहित पेशागत सुरक्षा गुणस्तरीय शैक्षिक वातावरणको स्थापना तथा प्राज्ञिक उन्नयन गर्ने मुल उद्धेश्यका साथ २०४७ साल पौष १९ गतेका दिन श्री ज्ञानेन्द्र राज पौडेलको अध्यक्षतामा गठन भएको दिव्य ज्योति बहुमुखि प्रध्यापक संघले आजको अवस्था सम्म बाह्रौ प्राध्यापक संघ इकाईको रुपमा कार्य गरिरहेको छ।

**हाल सम्म दिव्य ज्योति बहुमुखि क्याम्पस प्रध्यापक इकाई संघ समितीमा निर्वाचित अध्यक्ष र गठन मिति**

| क्रस | नाम | गठन मिति |
|---|---|---|
| १ | श्री ज्ञानेन्द्र राज पौड्याल | २०४७।९।१९ |
| २ | श्री बद्रिनाथ खनाल | २०५०।५।१६ |
| ३ | श्री बद्रिनाथ खनाल | २०५२।७।२७ |
| ४ | श्री सरोज विमली | २०५४।०५।२५ |
| ५ | श्री दुर्गा दत्त शर्मा आचार्य | २०५६।०६।७ |
| ६ | श्री दुर्गा दत्त शर्मा आचार्य | २०५७।१२।१० |
| ७ | श्री बद्रिनाथ खनाल | २०६०।०९।०२ |
| ८ | श्री दुर्गा दत्त शर्मा आचार्य | २०६३।१२।२१ |
| ९ | श्री शेषकान्त पौडेल | २०६७।०४।०६ |
| १० | श्री सरिता भुषाल खनाल | २०७१।०६।०८ |
| ११ | श्री पूर्ण प्रसाद तिमिल्सीना | २०७७।०३।१२ |

हाल रहेको क्याम्पस प्रध्यापक संघ इकाई समिति मिति २०७७।०३।१२ मा निर्वाचित भएको हो। सोको विवरण निम्न अनुसार रहेको छ।

| क्र स | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १ | सभापति | पूर्ण प्रसाद तिमिल्सीना | |
| २ | उपसभापति | शितल अधिकारी | |
| ३ | सचिव | राजु पौडेल | |
| ४ | कोषाध्यक्ष | बोमलाल पाण्डे | |
| ५ | सह सचिव | रमेश लम्साल | |
| ६ | सदस्य | विष्णुबहादुर थापा क्षेत्री | |
| ७ | सदस्य | कमल प्रसाद पाण्डे | |
| ८ | सदस्य | अनिलचन्द्र अधिकारी | |
| ९ | सदस्य | गणेश प्रसाद शर्मा | |
| १० | सदस्य | मणि प्रसाद पाण्डे | |

**बैठक तथा निणर्यहरु**

| क्र.सं. | मिति | निर्णयहरु |
|---|---|---|
| १ | २०७७/०६/१४ | १. आर्थिक कोष खडा गर्ने सम्बन्धमा<br>२. हिसाव किताव चुस्त दुरुस्त राख्ने सम्वन्धमा |
| २ | २०७७/१०/२१ | १.बधाई तथा शुभकामना सम्बन्धमा<br>२. शोक प्रस्ताव सम्बन्धमा |
| ३ | २०७८/०८/२९ | १. बधाई तथा शुभकामना सम्बन्धमा<br>२.सेवा परिवर्तन भएका प्राध्यापकहरुको सम्बन्धमा |
| ४ | ०७८/१०/२४ | १. स.प्राध्यापक राजु पौडेलको स्वास्थ्य लाभ तथा सहयोग सम्वन्धमा |
| ५ | ०७८/११/११ | १. बधाई तथा शुभकामना सम्बन्धमा |

अन्त्यमा सम्पूर्ण प्राध्यापकसंग सहयोग–समन्वयमा लिई प्राध्यापकहरुको चौतर्फी विकासमा निरन्तर लागि पर्ने प्रतिबद्धता सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

# स्नातकोत्तर तह संयोजकको वार्षिक प्रतिवेदन



संयोजक- स्नातकोत्तर तहः सह प्रा. बद्रीनाथ खनाल,

२०४७ साल मार्ग १६ गते स्थापना भै सञ्चालनमा रहेको दिब्यज्योति बहुमुखी क्याम्पस मुलुककै एक उत्कृष्ट QAA प्राप्त क्याम्पस हो नेपालको मध्यभागमा ७-१०-० विघा क्षेत्रफलको स्वामित्वका साथ सञ्चालनमा रहेको यस क्याम्पस बर्दघाट न.पा. को वडा नं. २ मा राजमार्ग छेवैमा अवस्थित छ। देशकै सर्वोत्कृष्ट क्याम्पसको रुपमा रहदै न्युन लागतमा गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने वृहत उदेश्य बोकेको यस क्याम्पसमा स्नातक तहमा व्यवस्थापन, शिक्षा र मानविकी संकायका विभिन्न विषयहरुको पठन पाठन भैरहेको छ भने विगत १७ वर्ष देखि एम. वि. एस., नेपाली र इ. पि. एम् विषयमा एम. एड. कक्षा संचालन भैरहेको छ।

यस क्याम्पसमा व्यवस्थापन संकायमा अत्याधिक रुपमा विद्यार्थीको चाप रहेको छ। व्यवस्थापन संकायको पठन पाठनले समग्र क्याम्पसको पठन पाठनमा नै निर्णायक प्रभाव पार्दछ। व्यवस्थापन संकायलाई दुई भागमा विभाजन गरी लेखा, व्यवस्थापन र बजारशास्त्र विषयका पठन पाठनलाई व्यवस्थित गर्न निम्न सदस्य रहेको विषयगत विभाग क्रियाशिल रहेको छ।

| क्र.स | नाम, थर | पद |
|---|---|---|
| १ | सह.प्रा.बद्रीनाथ खनाल | संयोजक |
| २ | सह.प्रा.विष्णु लम्साल | सदस्य |
| ३ | उप.प्रा.तारानाथ खरेल | सदस्य |
| ४ | सहायक.प्रा.टंक प्रसाद सुवेदी | सदस्य |
| ५ | सहायक.प्रा.बोमलाल पाण्डे | सदस्य |
| ६ | सहायक.प्रा.गणेश प्रसाद शर्मा | सदस्य |
| ७ | सहायक.प्रा.भिन्नु सिंह पञ्जियार | सदस्य |
| ८ | सहायक.प्रा.रोशन थापा | सदस्य |
| ९ | सहायक.प्रा.ढाकाराम तिम्सिना | सदस्य |
| १० | सहायक.प्रा.मणि पाण्डे | सदस्य |

| क.स | मिति | मुख्य निर्णयहरु |
| --- | --- | --- |
| १ | २०७८/०४/ ०८ | स्नातकोत्तर तहको कक्षा संचालनलाई प्रभावकारी तुल्याउनको निम्ति समयानुकुल प्राध्यापकहरुको पारिश्रमीकमा बृद्धि गर्नुपर्ने निर्णय गरियो साथै अध्यापन कार्यलाई प्रभावकारी तुल्याउन त्तब्ब प्राप्त स्नातकोत्तर तह संचालन भएको क्याम्पसको अवलोकन भ्रमण गर्नुपर्ने र विभिन्न प्राध्उापकहरुसंग अर्न्तक्रिया कार्यक्रम संचालन गर्नुपर्ने निर्ण्नय गरियो । |
| २ | २०७८/०९/०२ | MBS 1st sem को नतिजा विश्लेषण गर्दा एउटा विषय बाहेक अन्यमा ६० प्रतिशत भन्दा बढि परिणाम आएको छ । राम्रो नतिजा प्राप्त गर्ने प्राध्यापकलाई बधाई ज्ञापन गर्दै कम नतिजा आउने प्राध्यापकलाई नतिजा सुधार गर्न विभिन्न उपाय अपनाउन अनुरोध गर्ने निर्णय गरि यो ।<br>MBS 3rd sem को कक्षा संचालन मिति २०७८/०९/०१ बाट गर्ने निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो । साथै शैक्षिक क्यालेण्डर निर्माणको निम्ति संयोजकलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ३ | २०७८/११/०६ | MBS 3rd Sem को परीक्षा नतिजा विशलेषण गर्दा कुल ४४ मध्य २६ जना विद्यार्थी समुतिर्ण भएको पाइएको छ । समग्र रिजल्ट राम्रो भएपनि केहि केहि विषयमा अझ बढि मेहनत गर्नुपर्ने देखिएको छ। |
| ४ | २०७९/०१/०२ | स्नातकोत्तर तहको शिक्षणलाई प्रभावकारी तथा गुणस्तरयुक्त तुल्याउनको निम्ति केश स्टडीलाई प्रभावकारी बनाउनुपर्ने विभिन्न स्थानको अवलोकन भ्रमण गराई विद्यार्थीलाई प्रोजेक्ट रिपोर्ट तयार गर्नलगाउनुपर्ने र भिजिटिङ्ग प्रोफेसरहरुबाट पुर्नताजगि कक्षा संचालन गर्ने व्यवस्था भइरहेकोमा अझ प्रभावकारी रुपमा संचालन गर्नुपर्ने निर्णय गरियो । |
| ५ | २०७९/०३/०३ | MBS 4th sem को कक्षा संचालन मिति २०७९/०३/२३ गते देखि गर्ने निर्णय गरियो । साथै शैक्षिक क्यालेण्डर निर्माणको निम्ति संयोजकलाई अनुरोध गर्ने निर्णय गरियो । |

# नेपाली विभागीय संयोजकको वार्षिक प्रतिवेदन



संयोजक- नेपाली विभागीय: उप प्रा. कृष्णबन्धु पौडेल

**परिचय**

दिव्यज्योति क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूमध्ये बर्दघाट सुस्तापश्चिम नवलपरासी जिल्लाकै अग्रणी क्याम्पस हो । तात्कालीन जिल्लाव्यापी आवश्यकता र उच्च शैक्षिक चाहना एवम् अग्रगन्य स्थानीय शिक्षाप्रेमी महानुभावहरूको अगुवाइमा वि.सं. २०४७ सालमा स्थापित यस क्याम्पसमा शिक्षा र व्यवस्थापन सङ्कायअन्तर्गत स्नातकोत्तर तहसम्म र मानविकीतर्फ स्नातक तहका विभिन्न कार्यक्रमहरू सञ्चालित हुँदै आएका छन् । आफ्नै वित्तीय व्यवस्थापनमा सञ्चालन हुँदै आएको यो क्याम्पस गैरनाफामुखी सेवामूलक शैक्षिक संस्था हो । समाजमा पछि परेका गरिब विपन्न तथा विभिन्न जाति जनजातिका सन्तति र गृहस्थ जीवन यापन गरीरहेका छोरी-बुहारीहरूलाई न्यून शुल्कमा स्थानीय स्तरमै उच्च शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यका साथ स्थापित यस क्याम्पसबाट उत्पादित हजारौँ जनशक्तिले सेवाका विविध क्षेत्रमा आफ्नो पहुँच पुऱ्याईसकेका छन् । स्थापनाका तीनदशक पार गरीसके को यस क्याम्पसले पछिल्ला वर्षहरूमा आफ्ना गतिविधिहरूलाई शैक्षिक गुणस्तर कायम गर्ने दिशामा विशेष केन्द्रित गर्न थालेको छ । विश्वविद्यालय अनुदान आयोगबाट वि.सं. २०७५मा क्यु.ए.ए.सर्टीफिकेट प्राप्त भएपछि क्याम्पसले एक्रिडिएट क्याम्पसका हैसियतले आफूलाई संरचित गर्दै आएको छ ।

योजनाबद्ध शैक्षिक विकास तथा गुणस्तरीय शिक्षा प्रदान गरी गुणस्तरयुक्त क्याम्पसको हैसियत कायम राख्ने उद्दे श्यले सरोकारपक्षबिच विभिन्न समिति-उपसमिति एवम् विभागहरू गठन गरी आ-आफ्ना कार्यहरू सम्पादन गर्दै आईरहे का छन् । क्याम्पसको शैक्षिक वातावरणलाई समयसापेक्ष तुल्याई गुणस्तर अभीवृद्धिमा सहभागितामूलक व्यवस्थापन गर्ने उद्देश्यबाट गठित विभिन्न विषयगत विभागहरूमध्ये नेपाली विभागले पनि एक महत्त्वपूर्ण विभागका हैसियतमा अन्यान्य विभागहरूले जस्तै आफ्ना विभागीय जिम्मेवारी निर्वाह गर्दै आईरहेको छ । क्याम्पसको प्रचलित विधान तथा विभिन्न नियमविनियमका मातहतमा रही वि.सं. २०७३ माघ ४ गतेदेखि अविच्छिन्न उत्तराधिकारवाला निकायका रूपमा प्रत्येक दुई-दुई वर्षमा पुनर्गठित हुँदै आएको नेपाली विषय विभागको पछिल्लो पुनर्गठन २०७८ मङ्सिर २० गते भएको हो । यहाँ नेपाली विषय विभागको पछिल्लो गठनदेखि यता भए गरेका विभागीय गतिविधिहरूलाई समेटेर यो विभागीय प्रतिवेदन तयार पारिएको छ । यसले विभागको वर्तमान अवस्था र आन्तरिक गतिविधिबारे अवगत गराउने छ र सोका लागि प्रतिवे दनलाई निम्न शीर्षकमा आबद्ध गरिएको छ ।

**विभागीय संरचना**

| | |
|---|---|
| विभागीय प्रमुख | उपप्रा.कृष्णबन्धु पौडेल |
| सदस्य | उपप्रा.शेषकान्त पौडेल |
| सदस्य | उपप्रा. सरीता भुसाल |
| सदस्य | सहायकप्राध्यापक कमलप्रसाद पाण्डे |

**पाठ्यभार विभाजन**

शैक्षिक सत्र ०७८/०७९/८०को अन्त्यसम्म नै यथावत् रहने गरी हाल कायम रहेका विषयहरूको पाठ्यभार निम्नानुसार बाँडफाँड गरिएको छ-

**क) कृष्णबन्धु पौडेल**

बि.ए.दोस्रो वर्ष अनिवार्य नेपाली विषय कोड ४०२,

बि.एड. तेस्रो वर्ष प्रायोगिक भाषा विज्ञान विषय कोड ४३३,

बि.एड. दोस्रो वर्ष भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति विषय कोड ४२४ र

बि.एड. तेस्रो वर्ष नेपाली कविता काव्य विषय कोड ४२९(माइनर)।

**ख) शेषकान्त पौडेल**

बि.एड.प्रथम वर्ष नेपाली कथा उपन्यास विषय कोड ४१६,

बि.एड. प्रथम वर्ष नेपाली कथा उपन्यास विषय कोड ४१८(माइनर),

बि.एड. दोस्रो वर्ष नेपाली कविता काव्य विषय कोड ४२३ ,

बि.एड. तेस्रो वर्ष साहित्य शास्त्र र नेपाली समालोचना विषय कोड ४३४,

बि.एड. चौथो वर्ष नेपाली शिक्षण अभ्यास विषय कोड.....।

**ग) सरीता भुसाल**

बि.एड.प्रथम वर्ष नेपाली नाटक एकाङ्की र निबन्ध विषय कोड ४१७,

बि.एड. दोस्रो वर्ष भाषाविज्ञान र नेपाली भाषा विषय कोड ४२२,

बि.एड. दोस्रो वर्ष भाषाविज्ञान र नेपाली भाषा विषय कोड ४२८(माइनर) ,

बि.एड. तेस्रो वर्ष नेपाली भाषा शिक्षण परिचय र प्रयोग विषय कोड ४३९(माइनर) र

बि.एड.चौथो वर्ष अनुसन्धान विधि विषय कोड४४५।

**घ) कमलप्रसाद पाण्डे**

बि.ए. तेस्रो वर्ष आम सञ्चार र कार्यमूलक पत्रकारिता विषय कोड ४१०,

बि.एड. प्रथम वर्ष स्नातक अनिवार्य नेपाली विषय कोड ४०१ ,

बि.एड. तेस्रो वर्ष नेपाली भाषा शिक्षण परिचय र प्रयोग विषय कोड ४४३ ,

बि.एड. चौथो वर्ष व्यावहारिक लेखन तथा सम्पादन विषय कोड४४६ र

बि.एड. चौथो वर्ष व्यावहारिक लेखन तथा सम्पादन विषय कोड ४४९(माइनर)।

**विभागीय बैठक**

यस विभागको नियमित बैठक प्रत्येक दुई महिनाको अन्तिम शुक्रबार एवम् विदा पर्न गएमा उक्त दिनपछि खुलेको पहिलो दिनमा बस्ने गरी नियमित बैठक बस्ने व्यवस्था गरिएको छ भने आवश्यक महसुस भए जुनसुकै बखत बस्नसकिने विभागी समझदारी कायम गरिएको छ। विभागको उल्लिखित निर्णय तथा समझदारी अनुसार हालसम्म पाँचवटा नियमित बैठक तथा तीनवटा आकस्मिक बैठक गरी जम्मा आठवटा बैठक बसी विभिन्न समसामयिक सन्दर्भ

एवम् शैक्षिक अवस्थाबारे विविध निर्णय गरिएको छ। विशेषतः विभागीय बैठकहरू पिरियडको बाँडफाँड, त्रिविद्वारा प्रकाशित हुने वार्षिक परीक्षाको नतिजा विश्लेषण, आन्तरिक परीक्षा सञ्चालन तथा नतिजाको विश्लेषण आदिजस्ता कार्यलाई लक्षित बसिँदै आएकोमा यस अवधिमा त्रिविद्वारा एउटा पनि नतिजा प्रकाशन नगरिएकाले आन्तरिक नतिजाको मात्रै विश्लेषण गरी विद्यार्थीहरूलाई आवश्यक पृष्टपोषण सन्दर्भमा छलफल गरिएको छ। यसै अवधिमा ०७८ चैत्र ११ देखि क्याम्पसको प्रशासनिक जिम्मेवारीमा हेरफेर भई सहायक प्राध्यापक सागरमणि पाण्डे क्याम्पस प्रमुख र सहायक प्राध्यापक दीपकबहादुर खड्का सहायक क्याम्पस प्रमुखमा नियुक्त भएकाले ०७८ चैत्र १४ गते विभागीय बैठक बसी उहाँहरूको सफल कार्यकालको कामनासहित बधाई ज्ञापन गरियो। यसै गरी भाद्र १९ गतेको आकस्मिक बैठकबाट भाद्र १ देखि ९ सम्म सञ्चालित स्नातक तहका आन्तरिक परीक्षाको नतिजा विश्लेषण गरी आगामी शैक्षिक रणनीतिबारे छलफल गरी स्वस्थ शैक्षिक वातावरण कायम गर्न सामुहिक रूपमा लागी पर्ने निर्णय गरियो।

**निष्कर्ष**

निष्कर्षमा क्याम्पसको समग्र शैक्षिक वातावरणलाई स्वस्थ, मर्यादित, अनुशासित बनाउन क्याम्पसमा गठित सबै विभाग तथा विषयगत समितिको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसमा पनि भाषागत दृष्टिले लेखन, प्रकाशन तथा सिर्जनात्मक कार्यलाई मूर्त रूप दिई स्तरीय मानक भाषाको प्रचलनमा नेपाली विभागको थप जिम्मेवारी र दायित्व पनि हुनेहुँदा नेपाली विभागसामु थप चुनौती रहेको छ। यस्तै चुनौती र अवसरहरूबिच क्याम्पसमा गुणस्तरीय शैक्षिक वातावरण कायम गर्न नेपाली विभाग दिव्यज्योति क्याम्पस सदा दत्तचित्त रहनेछ।

# Employment Cell Annual Report



## संयोजक- रोजगार कोष: बोमलाल पाण्डे

दिव्यज्योति बहुमुखी क्याम्पस नवलपरासी जिल्लामा अवस्थित क्याम्पसहरू मध्ये एउटा उत्कृष्ट क्याम्पसको रूपमा रहेको छ। स्थापना कालदेखि नै यो क्याम्पस आफ्नो यस क्षेत्रमा शैक्षिक उत्कृष्टतातर्फ अगाडि बढिरहेको छ। यस क्याम्पसले आफ्नो शैक्षिक गुणस्तरतालाई प्रमाणित गर्दै हाल विश्व-विद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनको प्रमाणपत्र प्राप्त गरी सकेको छ। आफ्नो गुणस्तरतालाई जारी राख्नका लागि यस क्याम्पसले विभिन्न विभागहरू स्थापना गरेको हो। जस मध्येको एउटा महत्त्वपूर्ण विभागको रूपमा Employment Cell (रोजगार सेल) रहेको छ। यस क्याम्पसमा रहेको यस सेलले आफ्ना विद्यार्थीहरूलाई पाठ्यक्रम अन्तर्गतको सिकाईलाई व्यावहारिक जीवनमा कसरी लागू गर्न सकिन्छ। विद्यार्थीको उच्च शिक्षा अध्ययनपछिको जीवनमा कसरी सफल हुन सकिन्छ भन्ने लगायतका विभिन्न परामर्श तथा रोजगारीमा पदस्थापनामा परामर्शदाताको रूपमा कार्य गर्दै आइरहेको छ। व्यवस्थापन संकायका विद्यार्थीहरूलाई बैंक तथा वित्तीय संस्थामा आफ्ना सिकाईलाई कसरी रूपान्तरण गर्न सकिन्छ भनी इन्टर्नको रूपमा पठाउने, वृत्ति-विकासमा परामर्श दिने जस्ता विभिन्न कार्यक्रमहरूमा यो सेल विभागीय काममा अग्र पङ्क्तिमा रहेको छ। वि. सं. २०७३ सालमा पूर्व संयोजक सहायक प्राध्यापक विष्णुबहादुर थापाको संयोजकत्वमा रहेको यो सेलले स्थापना काल देखि नै विभिन्न रोजगारदाता र वित्तीय संस्थाहरूसँग आपसी समझदारी पत्र (MOU) गर्न सफल भएको छ।

यस सेलको वार्षिक प्रतिवेदन निम्नानुसार छः

**१. सेलका वर्तमान सदस्यहरूः**

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १. | बोमलाल पाण्डे | संयोजक |
| २. | गणेश प्रसाद शर्मा | सदस्य |
| ३. | मणि पाण्डे | सदस्य |

**१. यस सेलमा शैक्षिक सत्र २०७७/७८/७९ मा गरिएका महत्त्वपूर्ण बैठक र तिनका महत्त्वपूर्ण प्रस्तावहरू।**

| क्र. सं. | मिति | महत्त्वपूर्ण प्रस्तावहरू |
|---|---|---|
| १ | २०७७/१२/६ | सेलको कार्य दक्षता विद्धि गर्ने सम्बन्धमा |
| ४ | २०७८/०३/०८ | MOU गर्ने बारे |
| ५ | २०७८/०६/३१ | रोजगारीमा सिफारिस गर्ने बारे |

| | | |
|---|---|---|
| ६ | २०७८/०९/२० | नव आगन्तुक विद्यार्थीलाई सेल बारे जानकारी सत्र चलाउने बारे |
| ७ | २०७८/११/१० | रोजगारी तथा इन्टर्नमा पठाउन पहल गर्ने बारे |
| ८ | २०७९/०२/२९ | MOU का लागि पहल गर्ने बारे |

**सबलता तथा दुर्बलताहरू।**

**सबलता**

- विज्ञापन र पेशागत प्रशिक्षण बारे नियमित छलफल।
- सेलका सदस्यहरूबीचमा जिम्मेवारीवोध।
- सरकारवाला, विद्यार्थीहरू र सेलकाबीचमा आपसी विश्वास।

**दुर्बलता**

- रोजगारदाताहरूसँगको पहुँचको कमी।

१. **चुनौति**

- थप रोजगारदाताहरूबीचमा पहुँच।
- कार्यक्रमहरूका लागि बजेट अभाव।
- रोजगारदाताको आवश्यकता अनुसारको पदस्थापनामा परामर्शको भूमिकामा कठिनाई।
- सरोकालवालाहरूको अविश्वास र सेल बारे अनविज्ञता।

१. **निष्कर्ष तथा सुझाव**

यस क्याम्पसमा यस सेलले स्थापनाकालदेखि नै विभिन्न रोजगारदाताका विज्ञापन सङ्कलन गर्ने, विद्यार्थीहरूलाई जीवनकालीन सफलता बारे परामर्श दिने तथा आफ्ना भू.पू. विद्यार्थीका बारेमा लगत सङ्कलन गर्ने प्रयास पनि गर्दै आएको छ। तर पनि यस सेललाई अझ प्रभावकारी रूपमा काम गर्नका लागि हुन सक्ने अवरोधहरूलाई न्यूनिकरण गर्न निम्न सुझावहरू दिइन्छ।

- सेलको कार्य क्षेत्रका बारेमा व्यापक प्रचार-प्रसार गर्ने।
- थप रोजगारदातासँग सम्बन्ध विस्तार गर्ने
- सेलबाट अझ प्रभावकारी र उच्च-शिक्षापछिको जीवनोपयोगी शिक्षाका बारेमा कार्यक्रम चलाउने।

# Research Management Cell Annual Report



## संयोजक- अनुसन्धान व्यवस्थापन कक्षः टंक प्रसाद सुवेदी

क्याम्पसमा अध्यापनरत प्राध्यापक तथा अध्ययनरत विद्यार्थीको पाठेयक्रम अनुसारका अनुसन्धानात्मक क्रियाकलापको सहजीकरण, आवाश्यक तालिम, सामाग्री ज्ञान, सिव बृद्धि गर्ने कार्यमा सिमित श्रोत तथा आधन का बाबजुद विविध अनुसन्धानात्मक कृयाकलाप संचालन गर्ने को लागि दिव्यज्योती बहुमुखी क्याम्पस अर्न्तगत, अनुसन्धान व्यवस्थापन कक्ष (Research Mamnageement Cell) रहेको छ।

**अनुसन्धान व्यवस्थापन कक्ष समिति (RMC):**

संयोजक : टंक प्रसाद सुवेदी
सदस्य : कृष्णबन्धु पौडेल
सदस्य : बोमलाल पाण्डे

**महत्वपूर्ण कार्यहरु**

१.विभिन्न संकायका विद्यार्थीहरुको Research Project Work,Proposal, Thesis, Viva र अन्य अनुसन्धानात्मक कार्य संचालन गरिएको छ।

२. क्याम्पसबाट प्रकाशित हुने जर्नल नियमित प्रकाशित गरीएको छ।

३. Journal Guidiline,Peer Review Guideline,Project Work Guideline,Proposal Guideline र आवश्यक निर्देशिका तयारी गर्ने र लागु गर्ने गरिएको छ।

४. Research Management Cell लाई Research Lab को रुपमा विकासित गरिएको छ।

**विश्वविद्यालय तथा क्याम्पसबाट आयोजित अनुसन्धनात्मक कार्यक्रम अगामी दिनमा गर्नुपर्ने कार्य**

१. अनुसन्धान व्यवस्थापन समिति सुविधा सम्पन्न र सक्रिय बनाउने
२. प्रकाशित जर्नलको स्तर बृद्धिगर्ने
३. अनुसन्धनात्मक कार्यक्रम संचालन गर्ने
४. लघु अनुसन्धान (Mini Research) पहल गर्ने
५. अनुसन्धानात्मक विकासका लागि भ्रमण संचालन गर्ने॥

# अतिरिक्त क्रियाकलाप विभाग वार्षिक प्रतिवेदन



संयोजक-अतिरिक्त क्रियाकलाप विभाग: अनिलचन्द्र अधिकारी

दिब्यज्योती बहुमुखी क्याम्पसले विद्यार्थीहरुको प्रतिभा र विविध आन्तरिक क्षमतामा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ यस शैक्षिक शत्र २०७८/२०७९ मा महिनाको अन्तिम शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गर्ने मिति अनुरुप विविध कार्यक्रमहरुको आयोजना गरिरहेको छ। विद्यार्थीहरुको उल्लेख्य सहभागितामा कार्यक्रमहरु सम्पन्न भएका छन् भने अतिरिक्त क्रियाकलाप व्यवस्थापन समितिलाई क्याम्पसमा प्राध्यापनरत सम्पूर्ण शिक्षक वर्ग र प्रशासनबाट भएको सहयोग आर्कैमा महत्वपूर्ण रहेको छ। जुन विना सम्पूर्ण कार्यक्रमहरुको आयोजना प्राय असम्भव नै हुन पुग्दथ्यो। समग्र तल उल्लेखित कार्यक्रमहरुको आयोवनाका लागि प्रत्यक्ष जिम्मेवार अतिरिक्त क्रियाकलाप समितिको संक्षिग्त चिनारी निम्नानुसार रहेको छ।

| क.स | नाम, थर | पद |
|---|---|---|
| १ | सहायक.प्रा.अनिलचन्द्र अधिकारी | अतिरिक्त क्रियाकलाप संयोजक |
| २ | सहायक.प्रा.राजु पौडेल | सदस्य |
| ३ | सहायक.प्रा.कमलप्रसाद पाण्डे | सदस्य |
| ४ | सहायक.प्रा.विष्णुबहादुर थापा | सदस्य |
| ५ | सहायक.प्रा. मणि पाण्डे | सदस्य |
| ६ | सहायक.प्रा. रोशन थापा | सदस्य |

**यस शैक्षिक वर्षका अतिरित्त क्रियाकलापहरुको संक्षिप्त जानकारी**

